④

नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, माघ १० गते २०३३ साल [अतिरिक्ताङ्क ३९ (क)

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

जनकपुर अञ्चल अदालतका अतिरिक्त अञ्चल न्यायाधीश श्री गोबिन्दबहादुर श्रेष्ठको एक सदस्यीय विशेष अदालत गठन गरिएको छ।

सो विशेष अदालतलाई राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत देहायका मुद्दाहरू सो मुद्दा मुलतवी वा दायर रहेको मुद्दा हेर्ने सम्बन्धित अधिकारी वा अदालतबाट झिकी मुलतवी रहेकोमा मुलतवी समेत जगाई कारवाई किनारा गर्न सुम्पिएको छ:-

(क) राजकाज (अपराध र सजाय) ऐन, २०१९ को दफा १० बमोजिम मुद्दा हेर्ने अधिकारीसमक्ष मुलतवी रहेका :-

(१) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको लुकाई छिपाई ल्याएको अवैध हात हतियार बरामद भएको मुद्दा— — — — — — — — — — — — —१

(२) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको धरान फुसरे प्रहरी व्यारेकमा हाते बम हान्न लाग्दा बमबहादुर पक्राउ भएको मुद्दा —— —— —— —— —— —— —— —— १

(३) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको अशोककुमार समेतले बम पेस्तोल उठाई अव्यवस्था उत्पन्न गरेको मुद्दा —— —— —— —— —— —— —— —— —— —— —— १

(४) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको पञ्चायत व्यवस्थालाई पल्टाई लोकतन्त्र समाजवादी व्यवस्था स्थापना गर्न नुवाकोट, धादिङ्ग, रसुवामा जनक्रान्ति गर्नु पर्छ मुद्दा —— —— —— —— —— —— —— —— —— —— —— १

(५) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको हैण्ड ग्रिनेड बरामद भएको मुद्दा—— —— —— —— —— १

(६) वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको जनता भडकाई अशान्ति गराई सशस्त्र क्रान्ति गरी व्यवस्थालाई पल्टाउन पर्छ भन्ने मुद्दा —— —— —— —— —— —— —— १

(ख) राजकाज (अपराध र सजाय) ऐन, २०१९ को दफा १० बमोजिम मुद्दा हेर्ने अधिकारीसमक्ष दायर रहेको :—

वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला समेत भएको हैण्ड ग्रिनेड डिटोनेटर समेत र "स्पिड फायर" पत्रिका बरामद भएको मुद्दा —— —— —— —— —— —— —— —— —— —— —— —— —— —— १

(ग) नेपाल राजपत्र भाग ३ मिति २०३०।३।३१ को कानून तथा न्याय मन्त्रालयको सूचनाबमोजिम गठित विशेष अदालतमा दायर रहेको :—

वादी श्री ५ को सरकार प्रतिवादी विश्वेश्वरप्रसाद कोइराला र गणेशमान समेत भएको भू. पू. क. प. यज्ञबहादुर समेतले सोलु र ओखलढुङ्गामा ह[illegible] हतियार समेत उठाई अशान्ति गर्न उद्योग गरेको राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गतको मुलतवी रहेको मुद्दा —— —— —— —— —— १

सो विशेष अदालतले आफ्नो इजलाश नेपाल अधिराज्यभित्र जहाँसुकै कायम गर्न सक्नेछ।

आज्ञाले—
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

—— श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।